# नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)
## नियमन तथा व्यवस्थापन विभाग

### प्रेश विज्ञप्ति

**धितोपत्र कारोवारको राफसाफ तथा फछ्र्यौट चक्र T+2 कायम गरिएको सम्बन्धमा ।**

नेपालको धितोपत्र बजारमा भइरहेको प्रविधिको बढ्दो प्रयोग तथा अन्तर्राष्ट्रिय अभ्यासलाई दृष्टिगत गरी धितोपत्र कारोवार राफसाफ तथा फछ्र्यौट प्रणाली T+2 मा गर्ने बोर्डको आ.व. २०७७।७८ को नीति तथा कार्यक्रममा रहेको र सो कार्यान्वयनमा ल्याउन सिडिएस एण्ड क्लियरिङ्ग लि.ले आफ्नो विनियममा भएको हालको T+3 लाई T+2 मा ल्याउने गरी संशोधन स्वीकृतिका लागि बोर्डमा पेश गरेकोमा बोर्डले धितोपत्र कारोवारको राफसाफ तथा फछ्र्यौट चक्र T+2 गर्ने गरी धितोपत्र कारोवार राफसाफ तथा फछ्र्यौट विनियमावली, २०६९ मा सो प्रयोजनको लागि विनियममा संशोधन स्वीकृति गरेको छ। उक्त व्यवस्था सिडिएस एण्ड क्लियरिङ्ग लि.ले सार्वजनिक सूचना प्रकाशित गरी कार्यान्वयनमा ल्याउने व्यवस्था गरिएको छ।

धितोपत्र कारोवारको राफसाफ तथा फछ्र्यौट चक्र छोटिई T+2 कायम भएसँगै धितोपत्रको तरलतामा बृद्धि भई बजार थप गतिशील हुने तथा लगानीकर्तालाई थप लगानीको अवसर प्राप्त हुने बोर्डको अपेक्षा रहेको छ।

मिति: २०७७।०९।२४

(रुपेश के.सी.)
सह प्रवक्ता

पोष्ट बक्स नं.: ९०३१, जावलाखेल, ललितपुर, नेपाल
फोन नं.: ००९७७-१-५५४१०५७, ५५४४०७६, ५५५११६२, ५५४४०७७, टोल फ्रि नं.: १६६०-०१-४४४३३
फ्याक्स नं.: ५५४१०५८, इमेलः support@sebon.gov.np, वेभसाइटः www.sebon.gov.np